फोन नं. ४२००३१६
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (वातावरण तथा विपद् व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाण्डौ

प.सं.:-वा.त.वि.व्य.शा./०७७/०७८

चलानी नं.:- २५२

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

मितिः २०७७/१०/१९

विषयः **MDSA प्रणालीमा दर्ता तथा तथ्याङ्क प्रविष्टि सम्बन्धमा ।**

श्री गाउँपालिका/नगरपालिका,
(सबै) ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. २७७, मिति २०७७/१०/०९ को पत्रानुसार प्रस्तुत पत्र प्रेषित गरिएको छ । अतः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीतिक कार्ययोजनाको कार्यान्वयनको स्थितिका साथसाथै विपद्सँग सम्बन्धित कार्यक्रम/प्रगति सम्बन्धी प्रतिवेदन तथा तथ्याङ्क व्यवस्थापनमा सहजिकरण गर्ने उद्धेश्यले माननीय गृहमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७/०९/२६ मा बसेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको दशौं बैठकमा स्वीकृत भएको **Monitor for Disaster Strategic Action plans (MDSA)** नामक प्रणालीमा तहाँबाट **Registration** गरी तथ्याङ्क प्रविष्टि गर्ने व्यवस्था हुन आदेशानुसार अनुरोध छ। सो सम्बन्धमा अन्य जानकारी तथा सम्पर्क व्यक्ति सम्बन्धी विवरण यसैसाथ संलग्न पत्रबाट प्राप्त गर्नुहुन समेत हार्दिक अनुरोध छ।

2066/10/15

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधी शाखा, (पत्र वेबसाईटमा राखिदिनुहुन),
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, बबरमहल, काठमाण्डौं ।

नेपाल सरकार
गृह मन्त्रालय

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

बबरमहल, काठमाण्डौ
फोन: ०१५३५८५४०
इमेल: ndrrma@gmail.com

दर्ता नं.: ५९८६
मिति: १०।१३

पत्रसंख्या: ०७७।७८
चलानी नं. ९६६

मिति: २०७७।१०।०१

**श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**

**सिंहदरबार ।**

**विषयः MDSA प्रणालीमा तथ्यांक प्रविष्टि तथा उपयोग गर्ने सम्बन्धमा सबै स्थानीयतहहरुलाई परिपत्र गरिदिने बारे ।**

नेपालले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा विगत लामो समयदेखि विभिन्न प्रयासहरु गर्दै आएको छ । तर ती प्रयासहरु र सोको प्रगतिको अभिलेख एकै ठाउँमा पाउन सकिँदैन । आवधिक योजनाहरु लगायत दिगो विकासका लक्ष्यहरुमा समेत सघाउने गरी शुरु गरिएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीतिक कार्यायोजना २०१८-२०३० कार्यान्वयनको स्थिति पछ्याउन कठिन र समय लाग्ने देखिन्छ । यसर्थ विपद्सँग सम्बन्धित कार्यक्रमहरु र प्रगतिलाई एउटै झ्यालवाट सजिलै बुझ्न सघाउ पुर्याउने सोचका साथ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले युएनडिपी नेपालको प्राविधिक सहयोगमा Monitor for Disaster Strategic Action plans (MDSA) नामक सफ्टवेयर प्रणाली तयार गरेको छ । सो प्रणालीलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिमको कार्यकारी समितिबाट मिति २०७७।०९।२६ मा स्वीकृत गरी कार्यान्वयनका लागि सम्बन्धित संघ, प्रदेश तथा स्थानीय तहका निकायहरु र विकास साझेदार संस्थाहरु तथा सबै सरोकारवाला निकायहरुलाई निर्देशन दिने भन्ने निर्णय पनि भएको छ ।

**यो प्रणाली सञ्चालनमा ल्याउनुका उद्देश्यहरु निम्न छन्:**

१. नेपालमा विपद् जोखिम न्यूनीकण र व्यवस्थापनका क्षेत्रमा सञ्चालन भएका सबै परियोजना तथा कार्यक्रमहरुको विवरण एकै ठाउँमा उपलब्ध गराउनु,

२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीतिक योजनाका ४ वटा प्राथमिकता प्राप्त क्षेत्रहरु, १८ प्राथमिकता प्राप्त कार्यहरु र २७१ वटै रणनीतिक कृयाकलापहरुमा भइरहेको प्रगति थाहा पाउनु,

३. आयोजना तगा कार्यक्रमहरुमा हुने दोहोरोपन र अभावको स्थितिको असन्तुलन घटाई लगानी र सहकार्यका क्षेत्रलाई सहि दिशा तर्फ प्रभावकारी रुपमा संयोजन गर्न सहयोग गर्नु,

४. विपद व्यवस्थापनका क्षेत्रमा भएको कार्यक्रमगत प्रगति र कमीलाई देशको प्रशासनिक विभाजन अनुसारको तथ्यांक उपलब्ध गराइ सबै तहका सरकारहरु र विषयगत निकायहरुलाई योजना निर्माण तथा प्राथमिकता निर्धारणमा सहयोग गर्नु,

५. विपद्का क्षेत्रम काम गर्ने संस्थाहरु र तिनीहरुवाट सञ्चालित परियोजना तथा कार्यक्रमहरुको स्थान, प्रभावक्षेत्र तथा आफ्नै प्रगतिको स्तर मापन गर्न सहयोग गर्नु,

६. नेपालका विपद् जोखिम व्यवस्थापनका राष्ट्रिय प्राथमिकता र अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसारको प्रतिवेदन गर्न सहयोग गर्नु ।

क्रमशः

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: ६०९१
मिति: २०७७-१०-१४
शाखा: -

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

बबरमहल, काठमाण्डौ
फोनः ०१५३५८२४०
इमेलः ndrrma@gmail.com


पत्रसंख्याः ०७७/७८

चलानी नं.

वेबमा आधारित यस प्रणालीलाई नेपालका सबै स्थानीय तहहरु, प्रदेश र संघका सम्बन्धित निकायहरुले प्रयोग गर्ने एकिकृत विपद् सूचना प्रणाली (bipadportal.gov.np) सँग अन्तरसम्बद्ध गरिएको छ । इन्टरनेटवाट https://mdsa.bipad.gov.np/ मा गएर ड्यासवार्डमा विभिन्न तरिकाले यस प्रणालीको उपयोग गर्न सकिन्छ । संस्थागत प्रयोग कर्ताहरुलाई इमेल मार्फत पासवर्ड र सूचना अनुरोधका आधारमा उपलब्ध गराउन शुरु गरिसकिएको छ । अन्य महानुभावहरुले https://bipadportal.gov.np/profile/ मा गएर आफूले चाहेको क्षेत्र छनौट गरी समष्टिगत सूचनाहरु हेर्न सक्नुहुनेछ ।

अतः यस प्रणालीमा सबै स्थानीय तह र अन्तर्गतका सम्बन्धित निकायहरुवाट Registration गरी तथ्यांक प्रविष्टि गर्ने तथा उपयोग गर्नका लागि पत्राचार गरिदिने ब्यवस्थाको लागि निर्णयानुसार अनुरोध छ ।

<u>प्रणालीमा सहयोगको लागि-</u>

*प्रशासनिक सम्पर्कः शाखा अधिकृत श्री भिमराज बस्नेत, 015358240 ext 242, 9851149648, rajand1974@gmail.com*

*प्राविधिक सम्पर्कः IT Specialist श्री अरुण पौडेल, ९८४९३२७६१३, arun.poudel@undp.org*

०७७/१०/०५

वेदनिधि खनाल
उपसचिव

**वोधार्थः**

श्री गृह मन्त्रालय, सिंहदरबार ।